आज मिति २०७५ साल भाद्र ७ गते दिउँसो १२:०० बजे मनहरी गाउँकार्यपालिकाको बैठक गाउँपालिकाका अध्यक्ष श्री एकराज उप्रेतीज्यूको अनुपस्थितिमा कार्यबाहक अध्यक्ष श्री मनिला विष्ट ज्यू को अध्यक्षतामा तपशिल बमोजिमको उपस्थितिमा बसी निम्नानुसार निर्णय गरियो ।

उपस्थिति

| | | |
|---|---|---|
| श्री मनिला विष्ट | गाउँपालिका उपाध्यक्ष | कार्यबाहक अध्यक्ष |
| श्री आनन्द घलान | २ नं. वडा अध्यक्ष | सदस्य |
| श्री गोपिलाल मोक्तान | ६ नं. वडा अध्यक्ष | सदस्य |
| श्री ठाकुरराम तितुङ्ग | ७ नं. वडा अध्यक्ष | सदस्य |
| श्री दिलबहादुर स्याङ्तान | ८ नं. वडा अध्यक्ष | सदस्य |
| श्री ध्रुव खड्का | ४ नं. वडा अध्यक्ष | सदस्य |
| श्री मान बहादुर स्याङ्तान | ३ नं. वडा अध्यक्ष | सदस्य |
| श्री साधुराम अधिकारी | ९ नं. वडा अध्यक्ष | सदस्य |
| श्री शिव प्रसाद खनाल | १ नं. वडा अध्यक्ष | सदस्य |
| श्री शुभराज थिङ्ग | ५ नं. वडा अध्यक्ष | सदस्य |
| श्री कृष्ण बिडारी | महिला सदस्य | सदस्य |
| श्री पम्फा रोक्का | महिला सदस्य | सदस्य |
| श्री राधा देवि खकुराल पाठक | महिला सदस्य | सदस्य |
| श्री रामगाया प्रजा चेपाङ | महिला सदस्य | सदस्य रामगाया |
| श्री गीता कुमारी प्रजा | दलित वा अल्पसंख्यक सदस्य | सदस्य |
| श्री रचना श्रेष्ठ | नि. प्रमुख प्रशासकीय अधिकृत | सचिव |

आमन्त्रित/बैठक सहयोगी

श्री राजेन्द्र चौलागाईं राजश्व शाखा प्रमुख

निर्णय नं.१

आ.व.२०७५/०७६ मा बिनियोनित उपभोक्ता मार्फत सञ्चालन गरिने आयोजना हरु कार्यान्वयनको लागी आश्वीन प्रथम साता जनप्रतिनिधीहरुलाइ उपभोक्ता समिति गठन सम्बन्धि तालिम सञ्चालन गरि आश्वीन मशान्त भित्र उपभोक्ता समिति गठन गर्न वडा कार्यालयहरुलाइ योजनाको बिवरण पठाउने निर्णय गरियो ।

निर्णय नं.२

बालमैत्री स्थानिय शासन अवलम्बन गर्ने निति अनुरुपका निर्धारित कार्यहरुमा सहजीकरण गर्ने तपशील बमोजीम योग्यता निर्धारण गरि बालमैत्री कार्यक्रम सहजकर्ता (स्वयम सेवक) छनौट गर्न आवेदन मागको सुचना प्रकाशन गर्ने निर्णय गरियो ।

तपशील

- पद :- बालमैत्री कार्यकर्ता(स्वयम सेबक)
- शैक्षिक योग्यता :- कम्तीमा १०+२ वा सो सरह उतिर्ण
- कुनै राजनैतिक दलप्रति सकृय नरहेको
- स्वयम सेबक भइ काम गर्न इच्छुक रहेको
- २० वर्ष उमेर पुरागरेको ४० बर्ष ननाघेको
- सम्बन्धित वडाको उम्मेदवार लाई बिशेष प्राथमिकता दिईने छ ।

निर्णय नं.३

स्थानिय सरकार सञ्चालन एन २०७४ को दफा १०२ उपदफा ३ बमोजीम स्थानिय राजपत्र प्रकाशन गर्ने प्रयोजनको लागी बनाइएको "स्थानिय राजपत्र प्रकाशन गर्ने सम्बन्धि कार्यविधि २०७५" अनुमोदन गर्ने निर्णय गरियो ।

निर्णय नं.४

यस आ.व.२०७५/०७६ का लागी समेत अत्यन्त कार्यबोझको कारण कार्यालयको कार्य सम्पादनमा सहजताको लागी एक हलुका सवारी साधन आवस्यक पर्ने हुंदा साबिकमा भाडामा प्रयोग भइ रहेको बा ५ च ९६७ नं को टाटा सुमो श्रावण १ गते देखि लागु हुने गरी मासिक रु.११००००। कायम गरि नियमानुसार गाडी भाडा सम्झौता लाइ निरन्तरता प्रदान गर्ने निर्णय गरियो ।

निर्णय नं.५

चालु आ.व.२०७५/०७६ को लागी शिक्षा सहयोग अन्तर्गत कृषि र भेटेनरी प्राविधिक शिक्षालय लाइ बिनियोजन भएको रकमबाट शिक्षालयको माग बमोजीम प्राविधिक ल्याब स्थापना गर्न नियमानुसार रकम निकासा गर्ने निर्णय गरियो ।

निर्णय नं.६

मिति २०७५।३।१७ र १८ गतेको भारी बर्षातबाट वडा नं ३ स्थित बगौडा कालीदमार हांडीखोला सडक खण्डको क्षेतीग्रस्त स्थानहरुमा ग्राभेलिङ्ग लगायत मर्मत कार्य गर्न मर्मत सम्भार कोषबाट रु.७००००।र वडा नं ४ बनकरीया बस्तिमा सोही दिनको बर्षातबाट बस्ति असुरक्षित भएकोले खहरे थुनछेक गर्न सोही कोषबाट रु.१५०००।बिनियोजन गर्ने निर्णय गरियो ।

निर्णय नं.७

आ.व.२०७४/०७५ को यस गांउपालिका क्षेत्र भित्र संचालित साबिक डिभिजन कार्यालय मकवानपुर द्वारा यस गा.पा.मा हस्तान्तरण भएका सहकारी संस्थाहरुको अन्तिम लेखा परिक्षण गर्ने प्रयोजनको लागी रजीष्टर्ड अडिटर (लेखापरिक्षक) सुचीकृत हुन तपशील बमोजीम सुचना प्रकाशन गर्ने निर्णय गरियो ।

तपसिल

- लेखापरिक्षक प्रमाणपत्रको प्रतिलिपी
- कर तिरेको रसिद वा करचुक्ता पत्रको प्रतिलिपी
- निबेदन

निर्णय नं.८

यस गांउपालिका बाट चालु आ.ब.को लागी बिनियोजीत चालु शीर्षकको लक्षित कार्यक्रम तथा कृयाकलापहरु संचालन गर्दा यस कार्यालयमा सुचीकृत भएका कार्यक्रम संग समान उद्धेश्य/बिषय मेल खाने स्थानिय गै.स.स. समेतको सहभागीतामा आबस्यकताअनुसार सहकार्य गर्ने निर्णय गरियो ।

निर्णय नं.९

मिति २०७५।०१।२६ मा वडा नं. ६ स्थित कल्लेखोलामा भेण्टेड कज्वे निर्माणको लागी प्रकाशित सुचना बमोजीम पर्न आएका बोलपत्रदाताहरुको बोलपत्र मुल्याङ्कन गरी स्वीकृतिका लागी मुल्याङ्कन समितिबाट पेश हुन आएको श्री यन्त्र सहारा जे.भि.को बोलपत्र को सम्बन्धमा सो आयोजना सञ्चालन गर्दा त्यस क्षत्रको समस्या समाधान नहुने हुंदा बोलपत्रमा उल्लेखित हालको डिजाइनलाइ सम्सोधन गर्नु पर्ने,भेण्डेट कज्वेको सट्टा बक्स कलभर्ट बनाउन पर्ने लगायतको माग राखि स्थानिय उपभोक्ताहरुबाट सो बोलपत्र रद्ध गर्ने अनुरोध सहीत ध्यान आकर्षण गराउने भेलाको निर्णय प्राप्त भएको हुंदा सो सम्बन्धमा आबस्यक जांचबुझ गरी राय सुझाब पेश गर्न वडा नं.६लाइ लेखि पठाउने यस अघि मिती २०७५।०३।२५ को कार्यपालिका निर्णय बमोजीम सो वडा बाट मिति २०७५।०४।२५ को वडा समिति निर्णय समेत संलग्न राखि च.नं. १०२ मिति २०७५।०४।२८ को पत्र मार्फत सो आयोजनाको कार्यान्वन बाट त्यस क्षत्रको समस्या समाधान नहुने हुंदा हाललाइ सो बोलपत्र रद्ध गरि आ.ब.२०७५/०७६ मा उचित प्रकारको डिजाइनबाट सो परियोजना सञ्चालन गर्दा उपयुक्त हुने राय सुझाब पेश हुन आएकोले २०७५/०२/२५ मा खोलिएको ठेक्का नं : CON/NCB/MAN-10/074-75 : " CONSTRUCTION OF VENTED CAUSEWAY AT CATLE KHOLA को ठेक्का सम्बन्धि सम्पूर्ण कार्य रद्ध गर्ने निर्णय गरियो ।